JOIN IELTS MORNING | DAY | EVENING CLASSES
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन ६ गते बिहीबार ❑ 18 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## कांग्रेस महाधिवेशन भदौको पहिलो साता

रासस
काठमाडौं, ५ फागुन

नेपाली कांग्रेसले पार्टीको १४ औं महाधिवेशन आगामी भदौको पहिलो साता गर्ने प्रस्ताव गरेको छ। कांग्रेस केन्द्रीय कार्यसमितिको बुधबार बसेको बैठकमा पार्टीका महामन्त्री पूर्णबहादुर खड्काले महाधिवेशन भदौ ७ देखि १० गतेसम्म काठमाडौंमा गर्ने प्रस्ताव प्रस्तुत गर्नुभएको हो।

यसैगरी गाउँ/नगर वडा अधिवेशन आगामी असार २० गते, गाउँ/नगरपालिका अधिवेशन असार २२ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असार २५ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असार २७ गते गर्ने प्रस्ताव गरिएको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । त्यस्तै एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असार ३० गते र प्रदेश अधिवेशन आगामी साउन ६ गते गर्ने प्रस्ताव गरिएको छ। कांग्रेसले यसअघि महाधिवेशन यही फागुन ७ देखि १० गतेसम्म गर्ने गरी कार्यतालिका निर्धारण गरे पनि कोभिड-१९ संक्रमणका कारण कार्यतालिका प्रभावित भएको थियो। कांग्रेसको विधानमा पार्टीका सबै तहका पदाधिकारी र सदस्यको पदावधि चार वर्षको रहेको र असाधारण स्थितिमा एक वर्ष थप गर्न पाउने व्यवस्था छ। बैठकले नेपालको संविधानबमोजिम विशेष परिस्थितिका कारण पाँच वर्षभित्र निर्वाचन हुन नसकेमा छ महिना थप गर्न सकिने प्रावधान पार्टीको विधानमा समेत व्यवस्था गर्ने प्रस्ताव गरेको छ।



उक्त निर्णय पार्टीको आगामी चौधौं महाधिवेशनमा राखिनेछ । काँग्रेसको १३औं महाधिवेशन २०७२ साल फागुन २० देखि २३ गतेसम्म काठमाडौंमा भएको थियो । विधानको हालको व्यवस्थाअनुसार वर्तमान केन्द्रीय समितिको समयावधि यही फागुन १९ गतेसम्म छ। बैठकमा महामन्त्री खड्काले पार्टीका विभिन्न पदमा उम्मेदवार हुन निरन्तर क्रियाशील सदस्य भएको अवधि तोकिएकामा उक्त क्रियाशील सदस्यको 'अवधिसम्बन्धी व्यवस्था' निलम्वन गर्ने प्रस्ताव प्रस्तुत गर्नुभएको छ। तर पार्टीको केन्द्रीय सभापति, केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्य, प्रदेश सभापति, प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्य, जिल्ला सभापति, प्रतिनिधिसभा क्षेत्रीय सभापति, महानगरपालिकाको सभापति र उपमहानगरपालिकाको सभापतिका लागि यो व्यवस्था निलम्वन भएको नमानिने पार्टीको विज्ञप्तिमा उल्लेख छ। अन्य पार्टीबाट कांग्रेसमा प्रवेश गरेका व्यक्तिको हकमा क्रियाशील सदस्यताको अवधि गणना गर्दा कांग्रेसको जुन पदमा हाल समायोजन भएका छन्, उक्त पदका लागि आवश्यक अवधि पुगेको मानिने छ। उक्त अवधि आवश्यकपर्ने अन्य पदमा समेत उम्मेदवार हुन योग्य मानिने छन् । तर पार्टीको केन्द्रीय सदस्यमा पदासिन व्यक्ति न्यूनतम १० वर्ष निरन्तर क्रियाशील सदस्य हुनुपर्ने पदमा उम्मेदवार हुन पाउनेबाहेक अन्य व्यक्ति जिल्ला सभापति, प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको सभापति, महानगरपालिका र उपमहानगरपालिकाको सभापतिमा उम्मेदवार हुन पाउने छैन।

बैठकले म्याद समाप्त भएका भारत, अमेरिका, इटाली, जर्मनी, स्पेन, कतार, मलेशिया, न्यूजिल्याण्ड, पोल्याण्ड, चीन, फिनल्याण्ड, आयरल्याण्ड, स्वीडेन, स्वीटजरलैण्ड, साउदी अरब, बेल्जियम, जापान र अष्ट्रेलिया, दक्षिण कोरिया, पोर्चुगल, मकाउ, बहराईन, ओमन, फ्रान्स र लग्जम्वर्गस्थित नेपाली जनसम्पर्क समितिको छ महिनाभित्र अधिवेशन सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरेको छ।

बैठकमा केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि आगामी असार ७ गते प्रस्ताव गरिएको छ। सभापति शेरबहादुर देउवाको सभापतित्वमा प्रस्तुत प्रस्ताव उपर आज वरिष्ठ नेता रामचन्द्र पौडेल र केन्द्रीय सदस्य बीरबहादुर बलायरले आफ्नो धारणा राखेका थिए।

बैठकमा केन्द्रीय सदस्य रमेश लेखकले बैतडीको दोगडाकेदारमा भागरथी भट्टको बलात्कारपछि हत्या भएको घटनाका बारेमा स्थलगत अध्ययन गरी केन्द्रीय प्रतिनिधिका रुपमा ल्याएको प्रतिवेदन पेश गरेका थिए। केन्द्रीय कार्यसमितिको बैठक बिहीबार दिउँसो ३ बजे पार्टीको केन्द्रीय कार्यालयमा पुनः बस्ने उनले जानकारी दिए।

## होटल संघद्वारा कर्जामा ब्याज स्थगनको माग

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

पश्चिमाञ्चल होटल संघ पोखराले होटल तथा समग्र पर्यटन क्षेत्रलाई बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान गरिएको कार्जाको ब्याज आगामी दुई बर्ष सम्मका लागि स्थगन गरिदिन माग गरेको छ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई बुधबार ६ बुँदे ध्यानाकर्षण पत्र पठाउँदै संघले त्यस्तो माग गरेको हो । कोभिड १९ को संक्रमणसँगै नेपाल राष्ट्र बैकले घोषणा गरेको मौद्रिक नीति २०७७ को मर्मलाई मध्यनजर गर्दै संघले उक्त माग अघि सारेको संघका अध्यक्ष विकल तुलाचनले जानकारी दिए । सरकारले समेत कोभिड १९ बाट अति प्रभावित क्षेत्र भनेर होटल तथा पर्यटन क्षेत्रलाई उल्लेख गरेको उनले स्मरण गराए।

यसैगरी राष्ट्र बैकको मौद्रिक नीतिमा व्यवस्था गरिएको राहात सम्बन्धि २० करोड रुपैयाँको दायरालाई बृद्धि गर्न समेत संघले माग गरेको छ। त्यस्तै होटलहरुको चालू पूँजी अन्तर्गत रहेको कर्जाको व्याजदर ५ प्रतिशत कायम गर्न तथा यसको दायरासमेत विस्तार गरिदिन संघले आग्रह गरेको छ । संघीय सरकारको बजेट वक्तव्य तथा मौद्रिक नीतिमा १ खर्ब रुपैयाँको पूनर्कर्जाको सुविधा घोषणा भएता पनि बैंकहरुको झन्झटिलो प्रक्रियाको कारण कोभिड- १९ बाट अत्यधिक प्रभावित साना तथा मझौला होटलहरु सो कर्जा उपभोग गर्न नसकेको संघले स्मरण गराएको छ। होटल तथा पर्यटन व्यवसायलाई कर्जा प्रवाह गर्दा प्राथमिकतामा राखिनुपर्ने माग पनि संघको छ। एक वर्षको बन्दाबन्दीसँगै बैंक व्याज, विद्युत महशुल, भाडा, कर्मचारीको पारिश्रमिक भुक्तानी गर्न सक्ने स्थिति नरहेको विषय पनि संघले अवगत गराएको छ । होटल क्षेत्रमा स्थीर लगानी, बढी भन्दा बढी रोजगार प्रदान गर्ने व्यवसाय, कोभिड -१९ को संक्रमणबाट होटल तथा पर्यटन व्यवसाय सबै भन्दा बढी प्रभावित भएको विषय पनि ध्यानाकर्षण पत्रमा स्मरण गराइएको छ।

गण्डकी प्रदेश सरकारबाट व्यवसायीहरुलाई राहत प्रदान गर्ने उद्देश्यले जारी गरिएको १ अर्व रुपैयाँको व्यवसाय जीवन रक्षा कोषमा हालको व्यवस्था अनुसार वार्षिक रु. ५० लाख सम्म कारोवार गर्ने व्यवसायीहरुले मात्र कर्जाको लागी आवेदन दिन पाउने व्यवस्थाको दायरा फराकिलो पारी पर्यटकीय होटलहरुलाई विशेष राहत प्रदान गर्न उक्त वार्षिक कारोबारको सिमा वृद्धि गर्न पनि संघले माग गरेको छ । यसैविच संघले छिमेकी मुलुकसँग जोडिएका सिमा नाका बन्द भएका कारण स्थलमार्ग हुदै आगमन हुने पर्यटकहरुको संख्या प्राय सुन्य रहेको पनि जनाएको छ। वर्तमान अवस्थामा दिगो पर्यटन विकासका लागी आन्तरिक पर्यटन मुख्य मेरुदण्ड रहेता पनि हालको आन्तरिक पर्यटकहरुको आगमनले पोखरा लगायत अन्य पर्यटकीय गन्तव्यहरुको अकुपेन्सी पूर्ती गर्ने अवस्था नरहेको जानकारी संघले दिएको छ।

संघले बुधबार नै नेपाल राष्ट्र बैंक पोखराका निर्देशक इश्वरी प्रसाद भट्टराई र गण्डकी प्रदेशका प्रमुख सचिव विष्णुप्रसाद नेपाललाई पनि ध्यानाकर्षण पत्र बुझाएको छ। पत्रमा होटल उद्योगलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको मान्यता दिनुपर्ने, सरकारी पुनरकर्जाको समयावधीलाई २ वर्ष कायम गरी विना झन्झट सरल रुपमा प्रदान गरिनु पर्ने, कर्जाको पुनरतालिकिकरण तथा पुनरसंरचना गरी आवश्यक मात्रामा सहुलियत कर्जा प्रदान गरिनु पर्ने माग गरिएको छ। २०७६ चैत्र देखी लकडाउन अवधीभरको विद्युत माग महशुल मिनाहा र करिव दुई वर्ष सम्म विद्युत माग महशुलमा पचास प्रतिशत छुट दिइनु तथा होटल क्षेत्रलाई उत्पादन मुलक उद्योग सरह विद्युत महसुल निर्धारण गरिनु पर्ने माग पनि संघले गरेको छ।

## लोकतन्त्र, गणतन्त्र र संविधानको रक्षाका लागि सबै एकजुट हुनुपर्छः नेता गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ, ५ फागुन

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-माधव समूहका स्थायी कमिटी सदस्य देवप्रसाद गुरुङले देश, जनता र संविधान रक्षाका लागि सर्वोच्च अदालतले संसद् पुनःस्थापना गर्नेमा आफू आशावादी रहेको बताएका छन्।



नेकपा प्रचण्ड-माधव समूह लमजुङले बुधबार बेंसीशहरमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उनले संसद् विघटनविरुद्धको मुद्दा सर्वोच्च अदालतमा विचारधीन छ भन्दै देश, जनता र संविधान रक्षाका लागि सर्वोच्च अदालतले त्यसलाई सच्याउनेमा आफू आशावादी रहेको बताएका हुन्। उनले भने, "लोकतन्त्र, गणतन्त्र, संविधानको रक्षाका लागि सबै एकजुट हुनुको विकल्प छैन।"

## भागरथीको हत्यामा संलग्न अभियुक्त सार्वजनिक

### आफन्तद्वारा शव बुझ्न अझै अस्वीकार

रासस
काठमाडौं, ५ फागुन

बैतडीका दोगडाकेदार गाउँपालिका-७ चडेपानीकी १७ वर्षीया भागरथी भट्टको बलात्कारपछि हत्या गरेको अभियोगमा प्रहरीले सोही गाउँका एक किशोरलाई पक्राउ गरी आज सार्वजनिक गरेको छ।

जिल्ला प्रहरी कार्यालय बैतडीले पत्रकार सम्मेलनमार्फत सोही गाउँका अन्दाजी १८ वर्षीय दिनेश भट्टलाई सार्वजनिक गरेको हो । सो अवसरमा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायब महानिरीक्षक (डिआइजी) उत्तमराज सुवेदीले विभिन्न कोणबाट गरेको अनुन्धानबाट अभियुक्त समात्न सफल भएको बताउनुभयो । "अनुसन्धान शुरु गरेदेखि नै ती व्यक्ति निगरानीमा थिए, सोधपुछ गर्दै जाँदा अन्तिममा उसले अपराध स्वीकार गरेको छ", उहाँले भन्नुभयो, "आरोपितको बारम्बारको बयान बाझिएको र उनले गरेको गतिविधिले घटनामा उनको संलग्नता पुष्टि भएको छ।" उहाँका अनुसार शङ्कास्पद गतिविधि, प्राविधिक पक्षको विश्लेषण, लोकेसन, प्रत्यक्षदर्शी र साबिती बयानका आधारमा प्रहरीले आरोपितलाई पक्राउ गरेको छ। डिआइजी सुवेदीले भन्नुभयो, "आरोपी त्यस क्षेत्रमा गएको देख्ने मानिस, लोकेसन ट्याक र स्वीकारी बयानका आधारमा पक्राउ गरेका हौं।" भागरथीको शव परीक्षण रिपोर्टमा भने बलात्कारपछि हत्या गरिएको उल्लेख गरिएको भए पनि दिनेशले भने आफूले बलात्कार नगरेको बयानका क्रममा बताएको छ । प्रहरीले पनि हत्या हो वा बलात्कारपछि हत्या भएको खुल्न नसकेको जनाएको छ। अनुसन्धानकै क्रममा रहेकाले अहिले नै सबै कुरा सार्वजनिक गर्न मिल्दैन डिआइजी सुवेदीले भन्नुभयो, "मृतकको स्वाब परीक्षणका लागि विधिविज्ञान प्रयोगशालामा पठाइएको र रिपोर्ट आएपछि त्यो कुरा पुष्टि होला।"

भागरथीले नै अध्ययन गर्ने सनातन धर्म माध्यमिक विद्यालयमा कक्षा ११ मा पढ्ने दिनेशले माघ २१ गते भागरथीको पिछा गर्दै लवलेक जङ्गलमा एक्लै भएको मौका छोपेर लडाएर हत्या गरेको खुलेको पत्रकार सम्मेलनमार्फत जनाइएको छ। भागरथीको हत्या गर्ने पूर्वयोजना रहेको र माघ २१ गते विद्यालयबाट अन्तिम कक्षा छोडेर घर फर्किएको, सिल्ल भन्ने स्थानबाट मृतकभन्दा अगाडि गएर सडकमा कुरेर बसेको, आफू रहेको स्थानमा भागरथी पुग्ने बित्तिकै सडकबाट तल धकेल्दै दुवै हातले घाँटी थिचेर हत्या गरेको बयान दिएको डिआइजी सुवेदीले बताउनुभयो । पुरानो घरायसी रिसिइबीका कारण आफूले भागरथीको हत्या गरेको दिनेशले प्रहरीसमक्ष बताएका छन्। कर्तव्य ज्यान र बलात्कारसम्बन्धी जाहेरी दर्ता

मृतक भागरथीका दाजु शङ्कर भट्टले आज दिनेशविरुद्ध कर्तव्य ज्यान र बलात्कारसम्बन्धी कसुरमा कारवाहीका लागि जाहेरी दर्ता गरेकाले अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। दिनेशलाई पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत बैतडीले प्रहरीलाई अनुमति दिएको छ।

प्रहरीले दिनेशलाई नै अपराधी हो भनेर पक्राउ गरेपछि आफूले जाहेरी दिएको शङ्करले बताउनुभयो । उहाँले भन्नुभयो, "दिनेश एक्लैले त्यतिसम्म गर्‍यौं होला भन्ने विश्वास त छैन, प्रहरीले अपराधी त्यही हो भनेपछि हामीले जाहेरी दिएका हौं।" घटनाको अनुसन्धानका लागि डिआइजी सुवेदीसँगै एसएसपी जनकराज पाण्डे, केन्द्रीय अनुसन्धान ब्यूरो सिआइबीलगायतको टोली खटिएको थियो। प्रहरीले अभियुक्त सार्वजनिक गरेको भए पनि भागरथीका आफन्तले भने अझै पनि शव नबुझ्ने बताएका छन् । उनको शव जिल्ला अस्पताल बैतडीमा रहेको छ । अपराधी भनेर प्रहरीले सार्वजनिक गरिएका दिनेशले हत्या मात्रै गरेको बताएकाले बलात्कारीको खोजी गर्नुपर्ने आफन्तको माग छ । "दिनेशले हत्या मात्रै गरेको स्वीकारेको छ तर परीक्षण रिपोर्टमा बलात्कारपछि हत्या गरिएको भनिएको छ", भागरथीका काका शिवराज भट्टले भन्नुभयो, "परीक्षण रिपोर्टले बलात्कारपछि हत्या भनेको छ, हत्यारा पत्ता लागेको भए पनि बलात्कारीलाई पनि खोज्नुपर्छ, बलात्कारी पत्ता नलाग्दासम्म शव बुझ्दैनौं।" गत माघ २१ गते विद्यालयबाट घर फर्किएकी भागरथी साँझ घर नफर्केपछि खोजतलास गर्दा माघ २२ गते बेलुका स्थानीय लवलेक जङ्गलमा निर्वस्त्र र वीभत्स अवस्थामा शव फेला परेको थियो। यता भागरथीको शव भेट्टिएको दिनदेखि नै आन्दोलनमा रहेका आन्दोलनकारीले प्रहरीले चित्त बुझ्दो प्रमाणसहित सार्वजनिक नगरिएको भन्दै आपत्ति जनाएका छन्। भागरथी भट्टको न्यायका लागि गठित सङ्घर्ष समितिका संयोजक निशा भट्टले दिनेश नै अपराधमा संलग्न थिए भन्ने कुरा प्रमाणित गर्नुपर्ने बताउनुभयो।

यस्तै सङ्घर्ष समितिका सदस्य भोजराज जोशीले हत्यारा पत्ता लागे पनि बलात्कारी पत्ता नलागेको बताउनुभयो। उहाँले भन्नुभयो, "यो घटनामा एउटै व्यक्तिको संलग्नता हुनै सक्दैन, बलात्कारी पनि सार्वजनिक गर्नुपर्छ।"




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# देउवा र पौडेल पोखरा आउने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेल भोलि बिहीबार पोखरा आउने भएका छन् । नेपाल राष्ट्रिय मगर संघ, गण्डकी प्रदेशको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्न काँग्रेसका शीर्ष नेता पोखरा आउने भएका हुन् । संसद विघटन भएपछि उनीहरुको पोखरा भ्रमण पहिलो हुनेछ । पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा कार्यक्रम हुनेछ । सो पूर्व चिप्लेढुंगाबाट ऱ्याली निस्कने छ।

# फागुन २३ गतेदेखि ज्येष्ठ नागरिकलाई खोप

**रासस**
**काठमाडौं, ५ फागुन**

सरकारले आगामी फागुन २३ गतेदेखि ज्येष्ठ नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाउने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा इन्सिडेन्ट कमाण्ड सिस्टमको आज बसेको बैठकले फागुन २३ गतेदेखि ६० वर्ष वा सोभन्दा माथिका नागरिकलाई खोप लगाइने भएको मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिए । भारत सरकारले उपलब्ध गराएको कोभिड-१९ विरुद्धको ‘कोभिशिल्ड’ खोप गत माघ १४ गतेदेखि लगाउन थालिएको हो। पहिलो चरणमा प्राथमिकतामा परेको स्वास्थ्यकर्मी, अग्रपङ्क्तिमा काम गरेका सुरक्षाकर्मी, एम्बुलेन्स तथा शवबाहनका चालक तथा सहचालक, महिला स्वास्थ्य स्वयंसेविकालगायतलाई यही माघ १४ गतेदेखि २४ गतेसम्म सो खोप लगाइएको थियो।

यही फागुन २ गतेदेखि दोस्रो प्राथमिकतामा परेका व्यक्ति जिल्लास्तरीय सरकारी कार्यालयका कर्मचारी, बैंकका कर्मचारी, पत्रकार, स्थानीय तहका कर्मचारीलाई खोप लगाउन थालिएको छ। यसअघि माघ २६ देखि ३० गतेसम्म काठमाडौँमा कूटनीतिक नियोगका पदाधिकारी र कर्मचारी तथा पत्रकारलाई समेत खोप लगाइएको थियो । मन्त्रालयका प्रवक्ता डा गौतमका अनुसार अहिलेसम्म दुई लाख ६३ हजार ४८२ जनाले खोप लगाइसकेका छन्।

पहिलो चरणमा प्राथमिकता परेका ८४ प्रतिशतले खोप लगाएको उहाँले बताउनुभयो। प्रदेश नं १ मा ७२ प्रतिशत, प्रदेश नं २ र वाग्मती प्रदेशमा ८४ प्रतिशत, गण्डकी प्रदेशमा सतप्रतिशत, लुम्बिनी प्रदेशमा ८४ प्रतिशत, कर्णाली प्रदेशमा ७२ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ९१ प्रतिशतले पहिलो चरणमा पहिलो प्राथमिकता परेका व्यक्तिले खोप लगाएका छन् । उहाँले खोप सुरक्षित भएकाले ढुक्कसँग लगाउन अनुरोध गरे।

# दश शैयाको नगर अस्पताल सञ्चालन

**पोखरापत्र संवाददाता**
**पर्वत, ५ फागुन**

फलेवास नगरपालिकामा १० शैयाको नगर अस्पताल सञ्चालन गरिएको छ।

नेपाल सरकारको एक पालिका एक अस्पताल कार्यक्रम अन्तर्गत नगरपालिकाले १० शैयाको अस्पताल सञ्चालनमा ल्याएको हो । वडा नं ६ देवीस्थानमा रहेको साविक स्वास्थ्यचौकीको भवनबाट अस्पतालको सेवा शुरु गरिएको नगर स्वास्थ्य शाखाले जनाएको छ। गत मङ्सिर १५ गते देशभरका स्थानीय तहमा शिलान्यास भएका अस्पतालमध्ये फलेवासको उक्त आधारभूत अस्पतालले पहिलो पटक पुरानै भवनबाट सेवा सुचारु गरेको हो।

अस्पतालमा एक डाक्टर, दुई स्टाफ नर्स र एक कार्यालय सहयोगी रहेका छन् । अस्पताल निर्माण तथा सञ्चालनका लागि नेपाल सरकारले रु १० करोड ६३ लाख सहयोग गरेको तथा आवश्यक सामग्री खरीद गर्न र कर्मचारी व्यवस्थापनका लागि नगरपालिकाले सहयोग गरेको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रुद्र सापकोटाले जानकारी दिए । नगर अस्पतालको नगरप्रमुख पदमपाणि शर्माले उद्घाटन गर्दै सेवा शुभारम्भ गरेका हुन्। नगरप्रमुख शर्माले अस्पताल उद्घाटनसँगै नगरपालिका स्वास्थ्य क्षेत्रको नयाँ युगमा प्रवेश गरेको बताए । उनले जनताको स्वास्थ्य नै सबैभन्दा महत्वपूर्ण भएकाले जनतालाई कसरी स्वस्थ्य राख्ने भन्नेमा नगरपालिका लागि परेको बताए।

# गण्डकी प्रदेशस्तरीय विद्यालय चित्रकला प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**

पोखरामा गण्डकी प्रदेश स्तरीय विद्यालय चित्रकला प्रतियोगिता हुने भएको छ।

इन्द्रेणी थिएटर पोखरा र लायन्स क्लब अफ पोखरा ग्लोवल सेन्चुरीद्वारा आयोजित उक्त प्रतियोगितामा कक्षा ८/१२ कक्षा सम्म अध्ययनरत विद्यार्थीलाई सहभागी हुन पाउने छन् । दुई चरणमा सम्पन्न हुने प्रतियोगितामा पहिलो चरणमा आएका सम्पूर्ण चित्रहरुबाट उत्कृष्ट दश प्रतियोगीलाई कार्यक्रम स्थलमा बोलाई चित्र कोर्न लगाइने जानकारी थिएटरका अध्यक्ष केदारनाथ पौडेलले दिए । छनौट भएका दश जनाको चित्र मूल्याङ्कन गरी उत्कृष्ट चार जनालाई पुरस्कृत गरिने भएको छ । प्रथम चरण अन्तरगत बालअधिकार-समाज निर्माणको आधार र दोस्रो चरणका चित्रमा वातावरण-जीवनको आधारशीला बिषयमा केन्द्रित भएर चित्र कोर्नुपर्ने हुन्छ। प्रथम चरणका प्रतियोगीले इन्द्रेणी थिएटरको वेबसाइटमा यही फागुन २५ गतेसम्म दर्ता गरिसक्नु पर्ने हुन्छ। प्रथम चरणमा एक प्रतियोगीले एक मात्र चित्र र चित्र कुनैपनि रंग, मसी, कलम वा ब्रस (कुची) ले बनाउन सकिने छ। प्रतियोगीले आफ्नो नामथर, ठेगना, जन्ममिति, सम्पर्क, इमेल विद्यालयको नाम, ठेगना, कक्षा, रोल नं र विथार्थी परिचय पत्रको दुबैतर्फको फोटो र चित्रको फोटो खिचेर पठाउनुपर्ने बताइएको छ। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः ९ हजार, ६ हजार , ३ हजार र १ हजार नगद पुरस्कार स्वरुप प्रदान गरिने बताइएको छ । पहिलो चरणका उत्कृष्ट १० प्रतियोगीलाई कार्यक्रमस्थलसम्म पुग्ने आउनेजाने र खानाको व्यवस्था गरिने जानकारी उक्त संस्थाले दिएको छ।

# बाटुलेचौरको प्रगति स्कुलमा गुणात्मक शिक्षा

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**

पोखरा महानगरपालिका वडा न १६ बाटुलेचौरमा रहेको प्रगति सेकेण्डरी स्कुल गुणात्मक शिक्षामा नमुनाका रुपमा विकास भइरहेको छ।

गुणात्मक विद्यार्थी बनाउन पहिला शिक्षकको क्षमता विकास भएर मात्र हुने विश्वास बोकेर लामो समयदेखि प्रगति टिम लागि परेको छ । गुणात्मक शिक्षाको लागि काठामाडौ लगायतका विभिन्न क्षेत्रवाट शिक्षाविद्ध तथा प्रशिक्षक बोलाएर समय समयमा शिक्षकलाइ तालिम दिनुलाइ उदाहरण मान्न सकिन्छ। लकडाउन पछि सवैभन्दा समस्या परेको क्षेत्र भनेको विद्यालय नै हो। विद्यालयमा परेको समस्यालाइ प्रगति स्कुलले प्रगति एप सुरु गरी नेपाल भरी विद्यार्थीहरुलाइ नयाँ प्रविधि मैत्री वातवरण बनाउन ठूलो भुमिका खेलेको छ।




विद्यार्थीको विकास बाल मैत्री कक्षा शिक्षण सिकाइ, स्थानीय पाठ्य तथा शैक्षिक सामाग्रीको प्रयोग र संरचनाका दृष्टीले पनि प्रगति नमुना विद्यालयका रुपमा विकास हुँदै गएको छ। नर्सरीदेखी ११ कक्षा सम्म पढाइ हुने विद्यालयमा श्रीपञ्चमीका दिन १८ कोठाको नवर्निमत भवनको उद्घटान गरिएको छ। स्वास्थ्य मापदण्ड र शैक्षिक मैत्री वातवरणमा भरीपूर्ण प्रगति विद्यालयको नवनिर्मित भवनको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका महानिर्देशक वैकुण्ठ अर्यालले उद्घाटन गरेका हुन् । विद्यालय व्यवास्थापन समितिका अध्यक्ष दानवहादुर वानियाँको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख नारायणप्रसाद सुवेदी, पोखरा महानगरपालिका शिक्षा महाशाखाका प्रमुख हेम आचार्य, वडा नं १९ का वडा अध्यक्ष शोभामोहन पौडेल, प्याव्सनका केन्द्रिय सदस्य माधवशरण उपाध्याय लगायत वोलेको कार्यक्रममा विद्यालयका सहप्राचार्य महेन्द्र थापाले स्वागत र शिक्षक जिवन सागर भण्डारीले संचालन गरेका थिए। हाल विद्यालयमा ९२ शिक्षक कर्मचारी र एघार सय ९५ विद्यार्थी रहेका छन्।

# स्थानीय सरकारद्वारा २९ सडक कालोपत्र सम्पन्न

**पोखरापत्र संवाददाता**
**लमजुङ, ५ फागुन**

लमजुङको बैँसीशहर नगरपालिकाले तीन आर्थिक वर्षमा २९ वटा सडक कालोपत्र सम्पन्न गरेको छ।

नगरपालिकाले आर्थिक वर्ष २०७४/७५ देखि २०६६/७७ सम्ममा नगरभित्रको विभिन्न २९ वटा शाखा सडक कालोपत्र सम्पन्न गरेको हो। नगरपालिकाको ६० प्रतिशत र उपभोक्ताको ४० प्रतिशत लगानीमा नगरभित्रका विभिन्न शाखा सडक कालोपत्र सम्पन्न गरेको नगर प्रमुख गुमानसिंह अर्यालले बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले भौतिक पूर्वाधारलाईपहिलोप्राथमिकतामा राख्दै आएको र तीन वर्षको अवधिमा नगरपालिकाले ३.६६ किलोमिटर सडक कालोपत्र गरेको छ । यतिका सडक कालोपत्र गर्नलाई करीब रु चार करोड खर्च भएको छ ।” नगरपालिकाका अनुसार गत आर्थिक वर्ष २०७६/७७ मा ०.९९ किलोमिटर सडक अर्थात सात सडक कालोपत्र सम्पन्न भएको थियो । त्यस्तै आव २०७५/७६ मा १.४७ किलोमिटर अर्थात् १४ सडक र आव २०७४/७५ मा १.५ किलोमिटर अर्थात् आठ सडक कालोपत्र सम्पन्न भएको थियो।

कालोपत्र सम्पन्न गरेकामध्ये आव २०७६/७७ मा रु ४३ लाख ९७ हजार ८६१ आव २०७५/७६ मा रु एक करोड ६३ लाख ८३ हजार ३१४ र आव २०७४/७५ मा रु एक करोड ५० लाख खर्च भएको नगरपालिकाले जनाएको छ । स्थानीय तहको निर्वाचनपछि बैँसीशहर बजारका शाखा सडक ६०/४० को लागत साझेदारीमा कालोपत्र गरिएका हुन्। सडक विस्तार तथा कालोपत्र हुन बाँकी सडकको समेत काम हुने प्रक्रियामा रहेका छन्। केही सडकको निर्माण कार्य अघि बढिरहेको छ।

नगरपालिकाले यस चालू आवमा नगरको विभिन्न स्थानका पाँच सडक कालोपत्र गर्न लागेको छ। यसका लागि चालू आवमा नगरपालिकाले रु ५४ लाख ९८ हजार ३६९ विनियोजित गरेको छ। नगरपालिकाले नगरभित्रका सबै गाउँमा सडक सञ्जालले जोड्न लागेको छ।

# बिहीबारदेखि देशभर मौसम सफा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ फागुन**

बिहीबारदेखि देशभर मौसम क्रमिकरुपमा सुधार हुने भएको छ।

पश्चिमी वायुको प्रभावले विगत केही दिनयता देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदलीका साथै उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपात भएको थियो।

बुधबार रातिदेखि उक्त प्रणाली कमजोर भई बाहिरिने भएकाले बिहीबारदेखि देशभर मौसम सफा भई राम्रोसँग घाम लाग्ने मौसमविद् समिर श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार यस प्रणाली सक्रिय नभएकाले ठूलो हुन सकेन । वर्षा हुनका लागि पश्चिमी वायुसँगै प्राप्त मात्रमा जलवाष्युक्त बहनु पर्छ । हाल देशको उच्च पहाडी तथा हिमाली भूभागहरूमा आंशिक बदली रही अन्य भूभागको मौसम सामान्यतया सफा रहेको छ। दिउँसो प्रदेश नं १, कार्णाली, गण्डकी र सुदूरपश्चिम प्रदेशका पहाडी भूभागहरुमा आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार बुधबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम ६.५ डिग्री र अधिकतम तापक्रम २२.५ डिग्री सेल्सियस रहेको छ। त्यस्तै बुधबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम -२.७ डिग्री सेल्सियस रहेको छ।

**दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार सम्बन्धी सूचना ।**

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेको ‘राष्ट्रपति महिला उत्थान कार्यक्रम’बाट नेपाली सेना, स्थानीय स्वास्थ्य संस्था, स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार कार्यक्रम सञ्चालन भइरहेको छ। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार गर्नु परेमा निम्न ठेगानामा सम्पर्क गर्न हुन अनुरोध छ ।

सम्पर्क:
राष्ट्रपति महिला उत्थान समन्वय इकाई,
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।
सम्पर्क व्यक्तिः अन्जु ढुंगाना, प्रमुख महिला विकास अधिकृत
सम्पर्क नं.: ९८५१२५५२५४ इमेलः pup.mowcsc@gmail.com

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# संघीयता कार्यान्वयनमा गण्डकी

गण्डकी प्रदेश सरकारले आफ्नो तीन वर्ष पुरा गरेको छ । संघीयता कार्यान्वयन कसरी भएको छ भन्ने मापन प्रदेश सरकारले कसरी काम गरेका छन भनेर हेर्नुपर्छ । सात वटा प्रदेश सरकार मध्ये गण्डकी प्रदेशले विवादरहित तरिकाले नामाकरण र राजधानी टुङ्गो लगाउन सकेको हो । प्रदेश सरकारको नेतृत्व गर्ने मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ संघीयता बुझेका र केन्द्रीय मन्त्री भएर अनुभव बटुलेका हुँदा सरकार संचालनमा सजिलो भएको हुनुपर्छ । राजनीतिक रुपमा पनि सत्तारूढ दलको केन्द्रीय पदाधिकारी भएका कारण पार्टी पङ्तिलाई कसरी परिचालन गर्नुपर्छ भन्ने अनुभवले पनि काममा सहजता दिएको छ । राजनीतिक रुपमा फरक दल भए पनि संघीयता कार्यान्वयन र पूर्वाधार विकासमा सवै दललाई लिएर जान सक्ने क्षमताको कारण गण्डकी प्रदेश सरकारले काम देखाउन सकेको छ । जनताले संघीयताको महत्व के रहेछ भनेर अनुभूति गर्न नपाए पनि विरोध गर्ने ठाउँ दिएको छैन ।

सिंहदरबारको अधिकार प्रदेश र स्थानीय तहमा आएको प्रचार चुनावमा मात्र हुन सक्यो त्यसपछि अधिकार नपाएको गुनासा धेरै आए । संघीयता कार्यान्वयनका लागि केन्द्रीय सरकारलाई खबरदारी गर्न सक्ने हैसियत राखेका कारण गण्डकी प्रदेश सरकारबाट अन्य प्रदेश सरकारले फाइदा लिन पाएका छन । यो गण्डकी प्रदेशले जस लिने मौका हो । गण्डकी प्रदेश सरकारले तीन वर्षको अबधि अधिकार प्राप्तिका लागि जति वकालत गरेको छ त्यसको तुलनामा काम देखाउन नसकेको आरोप खेप्नुपरेको छातीन वर्षको अबधिमा १३७ किलोमिटर कालोपत्रे सडक ,२९२ किलोमिटर ग्राभेल सडक बनेको छ । ३४ सडक पुल, १० झोलुङ्गे पुल बनेका छन । एक घर एक धारा कार्यक्रम अन्तर्गत ५५ हजार ६० निजी धारा जडान भएका छन ।

विजुलीका काठेपोल हटाउने नीति अनुरुप २९८११ काठे पोल विस्थापित गरि स्टीलको पोल राखिएको छ । खेतीयोग्य जमिनमा चक्लाबन्दी गर्ने, सामुदायिक, कबुलियती, साझेदारी र धार्मिक बन क्षेत्र संरक्षणका काम भएका छन । स्वास्थ्य सेवामा सुधार, प्राविधिक शिक्षामा जोड दिएर गण्डकी विश्व विध्यालयको स्थापना गरेर स्वास्थ्य र शिक्षामा राज्यको भूमिका बढाउने काम गरेर चुनावी वाचा पुरा गने दिशातिर अघि बढेको छ । प्रदेश सरकारले आफ्नो मातहत आएको यातायात ब्यवस्थापन गर्न सकेको छैन । प्रदेशको राजश्व उठ्ने सबैभन्दा ठूलो यातायात ब्यवस्था कार्यालय र सवारीसाधन लाइसेन्स प्रणालीमा सुधार नआउनु सुशासनको पक्षमा गण्डकी प्रदेश सरकार गफ मात्र गर्छ भन्ने आरोपलाई कामबाट जवाफ दिन सकेको छैन ।

तीन वर्षको अबधिमा आबधिक नीति तथा कार्यक्रम बनाएर कसरी अघि बढ्ने भन्ने दिशा तय गरेको छ । लगानीको वातावरण बनाउन पूर्वाधारको विकास, लगानी मैत्री नीति, सुरक्षा र दक्ष जनशक्ति उत्पादनमा ध्यान दिनुपर्नेछ । अरुले केही गर्न नसक्दा गण्डकीले केही गरेको आधारमा सन्तोष मान्नुहुदैन । गण्डकी प्रदेशको राजधानी पोखरा अन्तर्राष्ट्रिय शहरको रुपमा विकास हुने अवस्थामा रहेको हुँदा बाँकी समय भाषणमा भन्दा कममा केन्द्रीत हुन सकेमा संघीयताको कारण चाँडै विकास हुन्छ भन्ने सन्देश दिन सकिनेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शारिरीक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।




# ख्याल गर्नुस्, फेसबुकमार्फत ठगिनुहोला !

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ फागुन**

गत असोज ६ गते मध्याह्नपख ढोरपाटन नगरपालिका–६ की मीना बुढामगर र 'डोनल्ड किन्ले' नामको फेसबुक प्रयोगकर्ताबीच म्यासेन्जरमा कुराकानी हुन्छ । ती व्यक्तिले बुढामगरलाई केही सामान पठाएको बताउँछन् । लगत्तै उनले अपरिचित नम्बरबाट फोन गर्छन् र बुढामगरलाई भन्छन्, "मैले जेजे भन्छु, त्यही 'रिप्लाई' दिनु ।"

त्यसपछि अर्को ह्वाट्सएप नम्बरमार्फत उनीहरूबीच कुराकानी हुन्छ । सो क्रममा ती व्यक्तिले बुढामगरलाई ल्यापटपको प्याकेज र रु ६० हजार डलरको चिठ्ठा परेको सुनाउँछन् । उक्त सामान र नगद पाउन करबापत अग्रिम रकम बुझाउनुपने शर्त राख्छन् । अब भने चिठ्ठा र मूल्यवान सामानको प्रलोभनमा पारिनुभएकी २० वर्षीया बुढामगरको ठगिने शृङ्खला शुरु हुन्छ । आइएमई र आइपिएस कनेक्टमार्फत उहाँले रकम पठाउन थाल्नहुन्छ । पहिलोपटक असोज १४ गते सन्तोष श्रेष्ठका नाममा बुढामगरले रु ५६ हजार पठाउनुहुन्छ ।

असोज १६ गते पुरुषोत्तम वाग्लेका नाममा रु एक लाख ५० हजार, १९ गते वाग्लेकै नाममा रु दुई लाख र २२ गते प्रदीप सिटौलाको एनआइसी एसिया बैङ्कको खातामा रु तीन लाख ५५ हजार जम्मा गर्नुहुन्छ । पटकपटक गरी बुढामगरले रु सात लाख ६१ हजार बुझाउनुहुन्छ तर चिठ्ठाको रकम र ल्यापटप भने हात पर्दैन । प्रलोभन देखाएर ठग्नेहरू भने अझै रकम बुझाउन बुढामगरलाई अनुरोध गरिरहन्छन् । भनेजति पैसा पठाउँदा र लामो समय बित्दासमेत चिठ्ठा र सामान नपाएपछि आफू ठगिएको महसुस बुढामगरलाई हुन्छ । उहाँले कात्तिक ३ गते प्रहरीमा जाहेरी दिनुहुन्छ । प्रहरीले अनुसन्धान थाल्छ । उक्त ठगी धन्दामा संलग्न रहेको आरोपमा छ जना प्रतिवादीलाई विभिन्न मितिमा प्रहरीले पक्राउ गर्छ । यसरी फेसबुक र ह्वाट्सएपमार्फत अनेक प्रलोभन देखाएर रकम ठगी गर्ने व्यक्तिहरू प्रहरीको फन्दामा पर्छन् । पीडित बुढामगरमा न्यायको आश जाग्छ । जिल्ला प्रहरी कार्यालय बागलुङले सोमबार उक्त सङ्गठित ठगीको घटनाका आरोपितलाई सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा तनहुँको देवघाट नगरपालिका–५ का ३७ वर्षीय पुरुषोत्तम वाग्ले, नवलपरासीको गैंडाकोट नगरपालिका–१६ बस्ने वर्ष ४२ को दिनेश पोखरेल, झापाको मेचीनगरका २४ वर्षीय प्रदीप सिटौला र रुकुमपूर्वको भूमे गाउँपालिका–३ का २२ वर्षीय सन्तोष श्रेष्ठ छन् ।

यस्तै झापाको गौरदह नगरपालिका–५ का २९ वर्षीया मिलन क्षत्री र वाग्लेसँगको बयानका क्रममा पाकिस्तानी नागरिकले प्रयोग गर्ने सम्पर्क नम्बर खुलेपछि अनुसन्धानका क्रममा हाल काठमाडौं महानगरपालिका–१६ वसन्तुपर गुम्बामा बस्ने पाकिस्तानी नागरिक फक्राउ परेका छन् ।

सम्बन्धित जिल्लामा रहेका प्रहरी कार्यालय/एकाइसँगको समन्वयमा खोजतलास गरी प्रतिवादीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ । विदेशी नागरिकसमेतको संलग्नतामा तीनभन्दा बढी व्यक्ति मिलेर ठगी गरेकाले सङ्गठित अपराधको मुद्दा चलाई अनुसन्धान थालिएको जिप्रकाका प्रहरी उपरीक्षक लोकेन्द्र श्रेष्ठले बताउनुभयो ।

पक्राउ परेकासँग लिइएको बयानका क्रममा उक्त सङ्गठित ठगीको घटनामा थप चार जना संलग्न रहेको पाइएको र उनीहरूको खोजतलास भइरहेको उहाँको भनाइ छ । "फरारमध्ये दुई जना मलेशिया र दुई जना भारतमा रहेको बुझिएको छ, हामी थप अनुसन्धान गर्दैछौं", प्रउ श्रेष्ठले भन्नुभयो ।

सङ्गठित ठगीको कसुर प्रमाणित भएमा न्यूनतम पाँच वर्षसम्म कैद हुनसक्ने उहाँको भनाइ छ । पछिल्लो समय नेपालमा सामाजिक सञ्जालमार्फत हुने ठगीका घटना बढेको भन्दै प्रउ श्रेष्ठले आम नागरिक सचेत हुन जरुरी रहेको बताउनुभयो । उहाँले त्यस्ता कुनै शङ्कास्पद घटना भएमा तुरुन्त प्रहरीकहाँ आउन सुझाव दिनुभयो ।

# राजनीतिक संस्कार हरायो : प्रजातन्त्र सेनानी सुवेदी

**–वासुदेव पौडेल**
**गण्डकी, ५ फागुन**

"प्रजातन्त्र दिवस हामीले जुन उत्साहका साथ मनाउँथ्यौं, त्यो अहिले छैन, प्रजातन्त्रका नाममा छाडातन्त्र आयो", यो भनाइ प्रजातन्त्र सेनानी हीरामणि सुवेदीको हो ।

उमेरले ८६ वर्ष पुगुनुभएका कास्कीको पोखरा महानगरपालिका–२७ लेखनाथ चोक निवासी सुवेदी नेपाली राजनीतिमा देखिएको एकले अर्काको अस्तित्व नस्वीकार्ने प्रवृत्तिप्रति निकै चिन्तित हुनुहुन्छ । सबैभन्दा म नै जान्ने छु, मलाई सबैले मान्नुपर्छ भन्ने अहम्वादले समग्र राजनीति प्रभावित भएको उहाँले बताउनुभयो ।

"राजनीतिमा इमान हरायो", उहाँले भन्नुभयो, "२००७ सालमा प्रजातन्त्र आएपछि विपीले सुवर्णलाई प्रधानमन्त्री तपाईं हुनुपर्छ भन्दा सुवर्णले हैन तपाईं नै हुनुपर्छ भन्नुभयो ।" उक्त आन्दोलनमा लगानी पनि सुवर्णको बढी रहेको बताउँदै सुवेदीले विपीलाई नै प्रधानमन्त्री बन्न आग्रह गर्नुभएको स्मरण गर्नुभयो । उक्त क्रममा विपीले प्रधानमन्त्रीका लागि गणेशमान सिंहलाई आग्रह गर्दा सिंहले पनि विपीलाई नै राज्यको नेतृत्व लिन आग्रह गर्नुभएको सुवेदीको भनाइ छ ।

विसं २०१५ मा दुई/दुई निर्वाचन क्षेत्र हारेका कृष्णप्रसाद भट्टराईलाई उनको आवश्यकता देशका लागि छ भन्ने ठानेर मन्त्री बनाइएको प्रसङ्ग उल्लेख गर्दै सुवेदीले अहिले मनोनीत गर्दा योगदान, देशको आवश्यकताभन्दा पनि परिवारका सदस्यलाई गर्ने गरिएको बताउनुभयो । विसं २००९ मा नेपाली कांग्रेसका कार्यवाहक सभापति सुवर्ण शमशेरको हातबाट पार्टीको सदस्यता लिएका सुवेदी त्यसयता प्रजातन्त्र प्राप्तिका विभिन्न आन्दोलनमा सक्रिय बन्दै आउनुभएको छ । राजनीतिक जीवन निकै उतारचढावमा बिताएका सुवेदी २००७ सालमा नै १५ वर्षको उमेरमा कांग्रेसका नेता कार्यकर्तालाई बास दिएको आरोपमा आमासहित थुनामा पर्नुभएको थियो । थुनामा परे पनि आमा महिला र आफू नाबालक भएकाले दुई दिनपछि हप्कीदप्कीसहित तारेकमा थुनामुक्त बन्नुभएको उहाँले सुनाउनुभयो ।

आफूले राजनीतिक जीवनमा अनेकौं हण्डर र ठक्कर व्यहोर्नु परेको बताउँदै उहाँले भन्नुभयो, "राजनीतिमा लाग्नुका पछाडि मेरा खास केही मान्यता र दर्शन थिए । जनताको जीवनस्तर उकास्ने, गरिबगुरुवालाई न्याय गर्ने, विधिको शासन चलाउने र देशको चौतर्फी विकास गर्ने उच्च अभिलाषा बोकेर राजनीतिमा लागेको थिएँ ।" विसं २०१३ को भद्र अवज्ञा आन्दोलनदेखि २०६२/६३ सालको लोकतान्त्रिक आन्दोलनसम्म हरेक राजनीतिक अभियान र आन्दोलनको अग्रमोर्चामा रहेका सुवेदीले राजनीतिक प्रतिसोधका कारण तत्कालीन राज्य प्रशासनबाट कहिले तार चोरेको अभियोग, कहिले पुल भत्काएको आरोप त कहिले विजयपुरको बाँध भत्काएको दोष व्यहोनुपरेको थियो । "यी आरोपमात्र नभई विपीको फोटो सिरानतिर राजाको फोटो किन गोडामुनि भन्नेसम्मका प्रश्न तत्कालीन प्रशासनले सोधेर दुःख र हैरानी दिने गरेको थियो", उहाँले अनुभव सुनाउनुभयो ।

लाभको पद नलिई खट्ने धेरै कार्यकर्ताको त्याग र बलिदानले राज्यमा ठूलाठूला परिवर्तन आए पनि राजनीतिक संस्कार हराउँदै जाँदा भएका उपलब्धि पनि गुम्ने खतरा दिनानुदिन बढिरहेकोप्रति उहाँ चिन्तित हुनुहुन्छ । २०१५ सालमा पार्टीको महाधिवेशन प्रतिनिधि बन्नुभएका उहाँलाई २०१७ सालमा तत्कालीन पञ्चायती सरकारले अराष्ट्रिय तत्व भन्दै लेखनाथ चोकबाट गिरफ्तार गरी जेल हालेको थियो । विसं २०४२ मा कांग्रेसको पार्टीको केन्द्रीय सल्लाहकार बन्नुभएका सुवेदीले २०३३ बाट २०५३ सम्म पार्टीको जिल्ला कार्यसमितिमा रही काम गर्नुभएको थियो ।

यस बीचमा २०४८ बाट २०५३ सम्म पार्टीको जिल्ला उपाध्यक्ष एवम् कार्यवाहक अध्यक्ष भई जिम्मेवारी निभाउनुभएको थियो । विसं २०६९ मा प्रजातन्त्र सेनानी घोषणा हुनुभएका उहाँ २०६० मा पार्टीको महासमिति सदस्य बन्नुभयो । नेपाल किसान सङ्घ कास्कीमा २०६० देखि २०६९ सालसम्म जिल्ला अध्यक्षको जिम्मेवारीमा रहनुभएको थियो ।

राजनीतिक क्षेत्रका साथै सामाजिक क्षेत्रमा पनि उत्तिकै क्रियाशील सुवेदी लक्ष्मी मावि अर्घौं (२०१३) र लक्ष्मी आदर्श मावि शिशुवा (२०२५) को संस्थापक हुनुहुन्छ । उहाँ नेपाल रेडक्रस सोसाइटी, लेनपा–२ उपशाखाको पनि संस्थापक हुनुहुन्छ । उहाँले लेखनाथ रेडक्रस खानेपानी निर्माण योजना उपभोक्ता समिति, विजयपुर नहर निर्माण योजना उपभोक्ता समिति, लेखनाथ रेडक्रस पुस्तकालयजस्ता विभिन्न संस्थाको नेतृत्व सम्हालिसक्नुभएको छ । साहित्यिक लेखरचनामा पनि उत्तिकै क्रियाशील सुवेदीले अनुभव मञ्जरी, कर्तव्यबोध, सम्झनाको सेरोफेरो जस्ता कविता सङ्ग्रह प्रकाशन गरिसक्नुभएको छ । समसामयिक विषयलाई साहित्यिक रचनाका माध्यमबाट उजागर गर्ने सुवेदीले कर्तव्यबोध नामक कविता सङ्ग्रहको 'प्राध्यापकहरूमा अपिल' शीर्षकको कवितामा देशको राजनीतिक अवस्थाप्रति चिन्ता व्यक्त गर्दै भन्नुभएको छ, "छताछुल्ल भएको छ राजनीति विसङ्गति । सत्ताका होडबाजीले राष्ट्र नै गुमिदिन्छ कि ।" सामाजिक तथा राजनीतिक क्षेत्रमा जीवनको अधिकांश समय खर्चेका सुवेदीको गत वर्ष लेखनाथमा नागरिक अभिनन्दनसमेत गरिएको थियो । उक्त अभिनन्दनका समयमा प्रकाशित पुस्तकमा विभिन्न राजनीतिक एवम् सामाजिक व्यक्तित्वले उहाँका जीवनका विभिन्न पक्षबारे चर्चा गर्नुभएको छ ।

# २५८ मुद्दा फैसला

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ फागुन**

जिल्ला अदालत तनहुँले आर्थिक वर्ष २०७७/७८ मा २५८ मुद्दा फैसला गरेको जनाएको छ । गत साउनदेखि माघ मसान्तसम्म सात महिनामा ७०८ मुद्दा दर्ता भएका छन् । दर्तामध्ये चालू आवमा ४५० मुद्दा रहेको छ भने २५८ मुद्दा फैसला भएको हो ।

सम्बन्धविच्छेद मुद्दाका फैसला धेरै भएका छन् । सम्बन्धविच्छेदका ३१३ मुद्दा दर्ता भएकामा चालू आवमा ११४ वटा रहेको छ भने १९९ वटा फैसला भइसकेको सूचना प्रविधि सहायक सरोज तिमिल्सेनाले जानकारी दिनुभयो । सम्बन्धविच्छेदका अधिकांश मुद्दा मिलापत्र माध्यमबाट फैसला गरिएको उहाँले बताउनुभयो । सम्बन्धविच्छेदसम्बन्धी मुद्दामा महिला र पुरुष दुवैले मुद्दा दर्ता गराएका छन् । उहाँले भन्नुभयो, "तर मिलापत्रका लागि एक वर्ष अवधि पूरा भएको हुनुपर्ने कानूनी व्यवस्थामा उल्लेख गरेको छ ।" त्यसैगरी जबर्जस्तीकरणी मुद्दामा १६ वटा मुद्दा दर्ता भएकामा चालू आवमा १५ वटा रहेको छ भने एउटा फैसला भएको छ ।
त्यसैगरी लागुऔषध मुद्दामा २३ दर्ता भएकामा चालू आवमा २० वटा रहेको छ भने तीनटा फैसला, घरेलु हिंसामा दश मुद्दा दर्ता भएकामा चालू आवमा नौवटा रहेको छ भने एक फैसला भएको छ । सवारी ज्यान मुद्दामा स्रोह वटा मुद्दा दर्ता भएकामा चालू आवमा १५ वटा मुद्दा रहेको र एकवटा मुद्दा फैसला भएको तनहुँ जिल्ला अदालतका स्रेस्तेदार मीनबहादुर कुँवरले जानकारी दिनुभयो ।

# १२५ मा संक्रमण, ९१ निको

**रासस**
**काठमाडौं, ५ फागुन**

कोभिड–१९को सङ्क्रमण आज १२५ मा देखिएको छ ।

तीन हजार ८३८ को पिसिआर परीक्षण गराउँदा ४८ महिला र ७७ पुरुषमा सङ्क्रमण देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको बुलेटिनमा उल्लेख गरिएको छ । आज देखिएका सङ्क्रमितसँग सङ्क्रमणको सङ्ख्या दुई लाख ७३ हजार ७० छन् । यस्तै सङ्क्रमणबाट ९१ निको भएर घर फर्किसकेका छन् । अहिलेसम्म दुई लाख ६९ हजार ३९४ निको भई घर फर्किसकेका छन् । नेपालमा निको हुने दर ९८.७ प्रतिशत रहेको छ । यस्तै विगत २४ घण्टामा कसैको पनि सङ्क्रमणबाट निधन नभएको मन्त्रालयले जनाएको छ ।

यसैगरी सङ्क्रमितमध्ये ६१ सघन उपचार कक्ष (आइसियु) र १३ भेन्टिलेटरमा उपचार गराइरहेका छन् । आइसियुमा प्रदेश नं १ मा एक, वाग्मती प्रदेशमा २६, गण्डकी प्रदेशमा सात, लुम्बिनी प्रदेशमा २४ र कर्णाली प्रदेशमा तीन रहेका छन् । यस्तै भेन्टिलेटरमा वाग्मती प्रदेशका सात, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशका तीन र सुदूरपश्चिम प्रदेशका एक रहेका छन् ।

संस्थागत आइसोलेसनमा देशभरि ९९१ रहेका छन् । पाँच सय भन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं मात्र रहेको छ । शून्य सङ्क्रमित भएका जिल्लामा भोजपुर, सोलुखुम्बु, मुस्ताङ, अछाम, पश्चिम रुकुम र मुगु रहेको छ ।

# 'गल्छी–रसुवागढी' सडक योजनाको काम ६५ प्रतिशत सम्पन्न

**रासस**
**काठमाडौं, ५ फागुन**

राष्ट्रिय गौरवको आयोजनाका रूपमा विस्तार भइरहेको बहुचर्चित 'गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबेँसी–रसुवागढी' सडक योजनाको काम ६५ प्रतिशत पूरा भएको छ ।

आयोजनाको काम तीव्र बनाउन नुवाकोटतर्फ मुख्य चुनौती रहेको बेलकोटगढी नगरपालिका–७ स्थित कल्चौडेभिर काटिएको छ भने बाँकी स्थानका भिर काट्ने र पहिरो नियन्त्रणको काम पनि अघि बढाइएको योजना प्रमुख नारायणदत्त भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार धादिङको गल्छीबाट रसुवाको स्याफ्रुबेसींसम्म निर्माण भइरहेको सडकको प्रगति बार्खायाम र कोरोनाका कारण प्रभावित भएकामा अहिले भने तीव्रगतिमा अघि बढेको छ ।

"निकै कठिन मानिएको बेलकोटगढी–७ स्थित कल्चौडीभिर दुई वर्षको प्रयासले काटिएको छ भने बुधसिंहघाटस्थित भिर काट्ने काम अब अघि बढाउन लागिएको छ", योजना प्रमुख भण्डारीले भन्नुभयो, "मुआब्जा निर्धारण, विद्युतीय खम्बा स्थानान्तरण, सडकको सीमा निर्धारण, पहिरोलगायतका कारण काममा उत्पन्न हुँदै आएका अवरोध हटाउँदै निरन्तररूपमा अहिले समग्र भौतिक प्रगति ६५ प्रतिशत पुगेको हो ।" पृथ्वी राजमार्गस्थित धादिङको गल्छीबाट नुवाकोटको देवीघाट–त्रिशूली–रसुवाको मैलुङ–स्याफ्रुबैंसी–रसुवागढी हुँदै चीनको केरुङ प्रवेशद्वारसम्म जोड्न ८२ किमी सडक निर्माण विसं २०७३ कात्तिक २२ को मन्त्रिपरिषद् निर्णयअनुसार सोही वर्षको पुसदेखि शुरु भएको थियो । यो योजना विसं २०८० भित्र पूरा गर्ने नयाँ लक्ष्य बनाइएको छ ।

सडक निर्माणअन्तर्गत निर्माण व्यवसायीमार्फत भइरहेको ४६ किमीको गल्छीबाट त्रिशूली हुँदै वेत्रावतीबाट मैलुङसम्मको काम कोभेक–तुर्दी–रसुवा कन्स्ट्रक्सनमार्फत भइरहेको छ । नेपाली सेनामार्फत ट्र्याक खुला गरिएको मैलुङ–स्याफ्रुबैंसी खण्डको १९ किमी सडक भारत–सिद्धिसाई जेभीलाई कालोपत्र गर्ने जिम्मेवारी दिइएको छ । "चीनसँगको सीमा क्षेत्र रसुवागढीबाट धादिङको गल्छीसम्म सडक निर्माणका लागि नेपाल सरकारले 'गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबैंसी–रसुवागढी' सडक योजनामार्फत निर्माण व्यवसायी, नेपाली सेना र चीन सरकारमार्फत तीन खण्डमा कामको जिम्मेवारी दिएको थियो", उहाँले भन्नुभयो, "कार्यालय स्थापनाको समयमा रु नौ अर्ब ५० करोड बजेट प्रक्षेपण गरेको भए पनि त्यो रकम अपुग भएको छ ।"

योजनाअन्तर्गत तीन स्थानमा गएका ठूलो पहिरो, मुआब्जा विवरण, १२ स्थानमा पैदलयात्रुका लागि आकाशे पुल र सल्लेटार स्थित माथिल्लो त्रिशूली थ्री 'ए'को बाँधस्थलमा फ्लाइओभर ब्रिज (आकाशे पुल)को आवश्यकता देखिएसँगै योजनाको लगानी रु २० अर्ब लाग्ने निश्चित बनेको छ । योजनाअन्तर्गत निर्माण भइरहेको विभिन्न स्थानका १६ वटा पुलको प्रगति ५० प्रतिशत छ ।

# प्राणी उद्यान निर्माण गर्न रु पाँच करोड ६१ लाख बजेट

– खेमराज गौतम
गलकोट, ५ फागुन

बागलुङ नगरपालिकामा नेपालकै नमूना प्राणी उद्यान (जुलोजिकल पार्क) निर्माण शुरु भएको छ । नगरपालिकाले गत वर्ष निर्माण गरेको डिपिआरका आधारमा अहिले गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रु ५० लाखले जुलोजिकल पार्क निर्माण शुरु भएको छ।

बागलुङ-५, ६ र ७ मा पने पाँच सामुदायिक वनलाई प्राणी उद्यान बनाउन नगरपालिकाले अगुवाइ गरेपछि सार्थकता पाउन थालेको छ। पर्यटन उपज कार्यक्रमअन्तर्गत सङ्घीय सरकार र स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत रु पाँच करोड ६१ लाख हालै विनियोजन भएको छ। उक्त रकममध्ये सङ्घीय सरकारले रु तीन करोड ६५ लाख र बागलुङ नगरपालिकाले रु एक करोड ९६ लाख व्यहोर्नुपर्ने हुन्छ । उक्त रकम तीन वर्षमा खर्च गरिसक्नुपर्नेछ।

सामुदायिक वनमा भएका जीवजन्तुको संरक्षणसँगै पर्यटनको विकासका लागि नमूना प्राणी उद्यान निर्माण शुरु भएको बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । उक्त उद्यानको आर्थिक वर्ष २०७६/७७ मा विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर)तयार गरिएको थियो । नगरपालिकाले प्राणी उद्यान निर्माण गर्नका लागि आर्किटेक्ट डिजाइन एण्ड सिभिल कन्स्ट्रक्सनले रु आठ लाखको लागतमा सम्भाव्यता अध्ययनसहित डिपिआर तयार गरेको थियो। झण्डै रु २६ करोड लागतमा निर्माण गर्न लागिएको प्राणी उद्यान तीन वर्षमा आधारभूत पूर्वाधार निर्माण गर्न रु पाँच करोड ६१ लाख बजेट विनियोजन भएको पौडेलले जानकारी दिनुभयो। “अहिले गण्डकी प्रदेश सरकारको रु ५० लाख लागतमा ठेक्कामार्फत तारबार र पैदलमार्ग निर्माणको काम शुरु भएको छ”, नगरप्रमुख पौडेलले भन्नुभयो, “तीन वर्षमा झण्डै रु छ करोडको काम हुनेछ, त्यतिबेलासम्म अन्य बजेटसमेत थपिँदै जाला, पाँच/सात वर्षमा प्राणी उद्यानले सार्थकता पाउला।”

अहिले बागलुङ-५ मालिका मन्दिरबाट ६०० मिटर पदमार्ग, ६०० मिटर तारजाली र वनस्पति परिहचानको काम शुरु भएको नगरपालिकाका इञ्जिनीयर मनोज शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार जैविक विविधतायुक्त पर्यटकीय सामुदायिक वन, संसारकोट सामुदायिक वन, सुनाखरी सामुदायिक वन, वयलधारा सामुदायिक वन र तितौरे सामुदायिक वनको झण्डै ३७२ हेक्टर जङ्गलमा उद्यान फैलने छ।

धेरै बजेट लाग्ने परियोजना भएकाले निर्माण सम्पन्न हुनका लागि लामो समय लाग्ने भए पनि निर्माणसँगै पर्यटन प्रवर्द्धन गर्दै लैजाने नगरपालिकाको योजना छ । पशुपक्षी, जडीबुटीको संरक्षण गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यले जुलोजिकल पार्कको अवधारणा ल्याइएको थियो । उक्त पार्क निर्माणका लागि निरन्तरको पहलकदमीबाट सङ्घीय सरकारबाट पर्यटन साझेदारीमा बजेट विनियोजन गर्न सफल भएको निवर्तमान सङ्घीय सांसद डा सूर्य पाठकले जानकारी दिनुभयो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका विज्ञ नारायाण रुपाखेतीको समूहले बागलुङ नगरपालिका-५, ६ र ७ मा पर्ने पाँच सामुदायिक वनलाई प्राणी उद्यान बनाउन सकिने निष्कर्ष निकालेपछि उद्यान निर्माणले गति लिएको हो। सामुदायिक वनमा प्राकृतिक, पर्यटन, वन्यजन्तुलगायतका पाँच क्षेत्रलाई ध्यानमा दिएर जुलोजिकल पार्क निर्माण गर्न आर्किटेक्ट डिजाइन एण्ड सिभिल कन्स्ट्रक्सनले डिपिआर निर्माण गरेको थियो। उद्यान वरपर तीन किलोमिटर सडक, करिब दुई किलोमिटर पदमार्ग, दृश्यावलोकन स्तम्भ, रेष्ट्रो सेन्टर, जुलोजिकल पार्कभित्र र बाहिर बाटो निर्माण, ५० हेक्टर जमिनमा जङ्गल व्यवस्थापन केन्द्र र वन्यजन्तु उद्धार तथा जङ्गलको फायर निर्माणलगायतका संरचना निर्माण गर्ने डिपिआरमा उल्लेख छ।

प्राणी उद्यान नितान्त प्राकृतिक सम्पदालाई संरक्षण गर्दै निर्माण हुने भएकाले पर्यटकलाई समेत आकर्षण गर्न सक्ने नगरपालिकाको योजना छ । पर्यटकलाई सडकमार्ग र पदमार्गमार्फत जङ्गल सफारी गराउँदै जीवजन्तुको अवलोकन गर्न सकिने, जङ्गली जनवारको बासस्थान संरक्षण गर्ने नगरपालिकाको उद्देश्य रहेको नगरप्रमुख पौडेलले बताउनुभयो । पर्यटकलाई आकर्षित गरी आरामदायी आतिथ्यता प्रदान गर्ने व्यवस्थाका लागि सुविधासम्पन्न होटल, रिसोर्ट सञ्चालनका लागिसमेत पहल र प्रोत्साहित गर्ने नगरपालिकाको योजना छ।

जङ्गली जनवारको चोरी शिकार बढ्दै जानु तथा प्राकृतिक वातावरण नासिदै जान थालेपछि प्राकृतिक तथा जैविक विविधताको संरक्षणसँगै नगरपालिकाले प्राणी उद्यानको परिकल्पना गरेको थियो । सामुदायिक वन क्षेत्रमा सयभन्दा बढी प्रजातिका वन्यजन्तु रहेको अध्ययन तथा अनुसन्धानका क्रममा पाइएको छ। बागलुङमा पाँच कोटको सङ्गम मानेर निर्माण भइरहेको धार्मिक पर्यटकीयस्थल पञ्चकोट क्षेत्रमा पुग्ने पर्यटकलाई जुलोजिकल पार्क अवलोकनका लागि समेत लैजान सकिने छ।

# तीन दिन प्रजातन्त्र दिवस मनाइने

रासस
काठमाडौं, ५ फागुन

विसं २००७ फागुन ७ गते एकतन्त्रीय जहानियाँ राणा शासन अन्त्य भई प्रजातन्त्र स्थापना भएको सम्झनामा प्रत्येक वर्ष मनाइने राष्ट्रिय प्रजातन्त्र दिवस आजदेखि तीन दिनसम्म देशभर विविध कार्यक्रम आयोजना गरी मनाइने भएको छ।

यस अवसरमा राज्यभर र विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासमा समेत हर्षोल्लासपूर्वक भव्यतासाथ राष्ट्रिय दिवसका रुपमा मनाउन लागिएको छ। गत माघ २० गते प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले दिवस मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा मूल समारोह समिति गठन गर्ने निर्णय गरेको थियो। सो बैठकले दिवसका अवसरमा फागुन ६, ७ र ८ गते गरिने विभिन्न कार्यक्रमसमेत अनुमोदन गरेको थियो।

समितिले अनुमोदन गरे अनुसार आजदेखि प्रजातन्त्र दिवसका अवसरमा विभिन्न कार्यक्रम आयोजना गर्न लागिएको हो। फागुन ७ गतेकै जगमा टेकेर विसं २०४६ चैत २६ गते प्रजातन्त्र पुनःस्थापना भएको थियो । यसैको जगमा विसं २०६३ वैशाख ११ गते लोकतन्त्र प्राप्त भएको थियो। यसै पृष्ठभूमिमा विसं २०६५ जेठ १५ गते पहिलो संविधानसभाले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रुपमा स्थापित गरेको छ।

दोस्रो संविधानसभाले विसं २०७२ असोज ३ गते संविधान घोषणा गरी कार्यान्वयन भएको छ। सबै परिवर्तनको जग फागुन ७ गतेको प्रजातन्त्र दिवस भएकाले पनि यसलाई विशेषरुपमा मनाउने गरिएको छ। यस अवसरमा सरकारी एवं गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रम आयोजना हुने जनाइएको छ। सो अवसरमा आजदेखि तीन दिनसम्म दीपावली गर्न पनि सरकारले आह्वान गरेको छ।

प्रजातन्त्र दिवसका अवसरमा गरिने कार्यक्रमको प्रचार प्रसार गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव हरि प्रसाद बस्यालको संयोजकत्वमा उपसमिति गठन गरिएको छ।

# हिमपातले जनजीवन प्रभावित

रासस
काठमाडौं, ५ फागुन

गए राति ताप्लेजुङको विभिन्न स्थानमा हिमपात हुँदा जनजीवन प्रभावित भएको छ।

मङ्गलबार दिउँसोदेखि रातभरि हिमपात भएकाले घुन्सा गाउँका स्थनीयवासीको जनजीवन प्रभावित हुन पुगेको स्थानीयवासी पेमा शेर्पाले जानकारी दिनुभयो।

शेर्पाले भन्नुभयो, “शुक्रबारदेखि निरन्तर हिमपात भइरहेको छ। अहिले करिब एक फिटसम्म हिउँ जमेको छ ।” सबैतिर सिसाजस्तै हिउँ जमेको शेर्पाले बताउनुभयो। पानीका मुहान सबै जमेपछि खानेपानीसमेत समस्या परेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “चिसोका कारणले घर बाहिर निस्किनै सकिँदैन । घरभित्र आगो तापेर बस्नुपर्छ ।” जनजीवन निकै प्रभावित भएको उहाँले बताउनुभयो।

चौँरी र गाईवस्तु हिउँ कम पने अलिक औल झारेको फले निवासी लाक्पा भोटियाले बताउनुभयो। हिजोदेखि अहिलेसम्म निरन्तर हिउँ परेको उहाँले जानकारी दिनुभयो। घुन्सागाउँ समुद्र सतहदेखि तीन हजार ५०० मिटर उचाइमा पर्दछ। यस्तै समुद्र सतहदेखि तीन हजार २०० मिटर उचाइमा ओलाङ्चुङगोला र समुद्र सतहदेखि चार हजार २०० मिटर उचाइमा याङ्मा गाउँ पर्दछ। यस बस्तीमा शुक्रबार बेलुकीदेखि अहिलेसम्म बाक्लो हिउँ परिरहेको फक्ताङलुङ गाउँपालिका-६ निवासी मनुकुमार राईले बताउनुभयो।

हिमाली क्षेत्रका समुदाय हिमपातले प्रत्यक्ष प्रभावित भएको छ । सिरिजङ्घा गाउँपालिकाको याम्फुदिनमा हिउँ परेपछि जाडोले बालबालिका, वृद्धवृद्धा र पशु चौपाया बढी प्रभावित भएको स्थानीयवासी कमल राईले बताउनुभयो।

# स्थानीय सरकारद्वारा २९ सडक कालोपत्र सम्पन्न

पोखरापत्र संवाददाता
लमजुङ, ५ फागुन

लमजुङको बेँसीशहर नगरपालिकाले तीन आर्थिक वर्षमा २९ वटा सडक कालोपत्र सम्पन्न गरेको छ। नगरपालिकाले आर्थिक वर्ष २०७४/७५ देखि २०६६/७७ सम्ममा नगरभित्रको विभिन्न २९ वटा शाखा सडक कालोपत्र सम्पन्न गरेको हो।

नगरपालिकाको ६० प्रतिशत र उपभोक्ताको ४० प्रतिशत लगानीमा नगरभित्रका विभिन्न शाखा सडक कालोपत्र सम्पन्न गरेको नगर प्रमुख गुमानसिंह अर्यालले बताउनुभयो । उहाँले भन्नुभयो, “हामीले भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकतामा राख्दै आएको र तीन वर्षको अवधिमा नगरपालिकाले ३.६६ किलोमिटर सडक कालोपत्र गरेको छ। यतिका सडक कालोपत्र गर्नलाई करीब रु चार करोड खर्च भएको छ।'' नगरपालिकाका अनुसार गत आर्थिक वर्ष २०७६/७७ मा ०.९९ किलोमिटर सडक अर्थात सात सडक कालोपत्र सम्पन्न भएको थियो । त्यस्तै आव २०७५/७६ मा १.४७ किलोमिटर अर्थात् १४ सडक र आव २०७४/७५ मा १.५ किलोमिटर अर्थात् आठ सडक कालोपत्र सम्पन्न भएको थियो।

कालोपत्र सम्पन्न गरेकामध्ये आव २०७६/७७ मा रु ४३ लाख ९७ हजार ८६१ आव २०७५/७६ मा रु एक करोड ६३ लाख ८३ हजार ३१४ र आव २०७४/७५ मा रु एक करोड ५० लाख खर्च भएको नगरपालिकाले जनाएको छ । स्थानीय तहको निर्वाचनपछि बेँसीशहर बजारका शाखा सडक ६०/४० को लागत साझेदारीमा कालोपत्र गरिएका हुन् । सडक विस्तार तथा कालोपत्र हुन बाँकी सडकको समेत काम हुने प्रक्रियामा रहेका छन् । केही सडकको निर्माण कार्य अघि बढिरहेको छ । नगरपालिकाले यस चालू आवमा नगरको विभिन्न स्थानका पाँच सडक कालोपत्र गर्न लागेको छ । यसका लागि चालू आवमा नगरपालिकाले रु ५४ लाख ९८ हजार ३६९ विनियोजित गरेको छ। नगरपालिकाले नगरभित्रका सबै गाउँमा सडक सञ्जालले जोड्न लागेको छ।

# दुई वर्षमा पनि सकिएन चौध सय मिटर सडक निर्माण योजना

पोखरापत्र संवाददाता
म्याग्दी, ५ फागुन

म्याग्दीको सदरमुकाम बेनी बजारको मङ्गलाघाटबाट हाडेभिर हुँदै बगरफाँट जोड्ने एक हजार ४०० मिटर सडक कालोपत्र गर्ने योजना दुई वर्षमा पनि सकिएको छैन । सम्बन्धित कार्यालयले पर्याप्त बजेट व्यवस्थापन गर्न नसकेको यो आयोजना ठेकेदारको लापरवाही र ढिलासुस्तीले अलपत्र परेको हो।

बेनी नगरपालिका-७ मङ्गलाघाटबाट वडा नं २ को हाडेभिर हुँदै बगरफाँट जोड्ने सडक कालोपत्रमा भएको ढिलासुस्तीले नागरिकलाई सास्ती भएको मङ्गलाघाटका सुवासकुमार श्रेष्ठले बताउनुभयो । “सडकको धुलोले हरेक पटक बेनी बजार गएर फर्किएपछि नुहाउनु र कपडा धुनुपने हुन्छ”, उहाँले भन्नुभयो, “साँघुरो सडक छेउमा थुपारिएका निर्माण सामग्रीले आवतजावतमा समस्या र दुर्घटनाको जोखिम बढाएको छ ।” सडक विस्तार र कालोपत्र गर्न बेनी नगरपालिकाको कार्यालय अगाडिबाट मङ्गलाघाट जाने सडकमा यसअघि गरिएको कालोपत्र उप्काइएको थियो। नयाँ कालोपत्र गर्न ढिलाइ गर्दा म्याग्दीको पश्चिमी भेगको नाकामा पर्ने मङ्गलाघाटको सडकको धुलो र हिलोले स्थानीयवासी प्रभावित भएका छन्। हाडेभिर-बगरफाँट भकिम्ली, सिङ्गा र बरङ्जालाई सदरमुकाम बेनीसँग जोड्ने सडकको नाका हो । हाल शहरी विकास मन्त्रालयको सघन शहरी विकास डिभिजन कार्यालय बागलुङले सञ्चालन गरेको यो योजना देव एण्ड सायर-बिएन-त्रिशक्ति जेभीले रु पाँच करोडमा ठेक्का लिएको थियो । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७५ माघ २२ गते सम्झौता गरेका ठेकेदारले हालसम्म रु दुई करोड मात्र भुक्तानी लगेको कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनीयर प्रभाकर कर्णले बताउनुभयो।

विसं २०७७ माघ २२ गतेसम्म म्याद रहेको आयोजनाका ठेकेदारले विगत एक वर्षदेखि काम गरेका छैनन्। एक हजार ४०० मिटर सडक कालोपत्र गर्ने लक्ष्य रहेकामा मङ्गलाघाटको तल्लो बजार क्षेत्रमा करिब २०० मिटर सडक ढलान भने २०७५ साउनमै गरिएको निर्माण कम्पनीका प्रतिनिधि नारायण जिसीले बताउनुभयो । “लकडाउनले रोकिएको कालोपत्र गर्ने कामलाई चैत महिनाभित्र सक्न प्लान्ट स्थापना गर्न लागिएको छ”, उहाँले भन्नुभयो, “यसअघि गरिएको कामको समेत भुक्तानी पाएको छैन। यसपालि पनि रु ८० लाखमात्र बजेट विनियोजन भएको छ ।” यो सडकमा गर्ने भनिएको अक्सपाल्ट प्रविधिको कालोपत्रका लागि गर्मी मौसम आवश्यक पर्छ । चिसोमा सेटिङ हुँदैन । “नाली बनाउने, सडक फराकिलो र पर्खाल लगाउने काम सकिएको छ”, सिभिजनल इञ्जिनीयर कर्णले भन्नुभयो, “बेस र सवबेससमेत राखिसकेका छन्। छ महिना म्याद थप गर्ने प्रक्रिया अघि बढाइएको छ ।” ठेक्काअनुसार गर्नुपर्ने कामको परिणाम पुर्‍याउन भेरिएसन अर्डर (भिओ) भइरहेको छ । सघन शहरी कार्यालय, प्रशासन, नगरपालिका र ठेकेदारबीच गत महिना भएको छलफलमा माघ महिनाभित्र अक्सपाल्टको प्लान्ट स्थापना गने सहमति भए पनि अहिलेसम्म कार्यान्वयन नगरेका बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले बताउनुभयो।

## Pokhara Metropolitan City
## Office of Municipal Executive
### Newroad, Pokhara

# Invitation for Bids

**IFB No: 14/PMC-Re/077-78, 16/PMC-Re/077-08, 19/PMC/077-078**
**(Date of Publication: 2077/11/06)**

1. Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara invites **online bids for NCB Contracts and Seal Quotations** under e-procurement system from eligible bidders for the construction of *Projects mentioned below ;*

| IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 14.2/PMC-Re/077-078 | 38/PMC-Re/SQ/W/077-78 | Construction of Footpath from Swimming Pool to Gairako Chautra, PMC-06 | 1,000.00 | 25,000.00 | 8,84,003.91 | 75 days |
| 14.3/PMC-Re/077-078 | 39/PMC-Re/SQ/G/077-78 | Procurement and Supply of Branded Computer, PMC | 1,000.00 | 18,000.00 | 6,37,168.10 | 75 days |
| 16.3/PMC-Re/077-078 | 47/PMC-Re/SQ/W/077-78 | Upgrading of Ramjyoti Sakneri Road, PMC-26 | 1,000.00 | 38,000.00 | 12,88,587.73 | 75 days |
| 19.1/PMC/077-78 | 56/PMC/NCB/W/B/077-78 | Construction of Lab & Library Building at Shree Kalika Secondary School, PMC-10 | 3,000.00 | 3,80,000.00 | 1,31,34,546.00 | 120 days |

2. Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For NCB Contract | 03/04/2021 | 13:00 | 03/19/2021 | 17:00 | 03/21/2021 | 12:00 | 03/21/2021 | 13:00 |
| For SQ Contract | - | | 03/04/2021 | 17:00 | 03/05/2021 | 12:00 | 03/05/2021 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 3020100301010002 | 3020100303000002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO’s website http://bolpatra.gov.np/egp, asspecified in the Bidding data sheet for provision of E-Bidding.Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for NCB contract shall not be accepted.
5. A new firm established by any person or manager of a firm or company that is black listed according to PPA will be in eligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

**Chief Administrative Officer**